# व्यवसायिक बाख्रापालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## टिकापुर, कैलाली

२४-२६ चैत्र २०७८

Commercial Goat Raising Training, Tikapur, Kailali 07-09 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय टिकापुर, कैलालीले २९ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत्र २४ गते देखि २६ गते सम्म कैलाली जिल्लाको टिकापुरमा **"व्यवसायिक बाखा पालन तालिम"** सम्पन्न गरेको छ । टिकापुर नगरपालिका वडा नं. १ को वडाध्यक्ष श्री गंगाराम आचार्यको प्रमुख आतिथ्यता तथा टिकापुर नगरपालीका स्वास्थ तथा खेलकुद मन्त्रालयका शाखा अधिकृत श्री नरेश अवस्थी, निर्धन उत्थान क्षेत्रीय कार्यालय अत्तरीयाका कार्यकम अधिकृत श्री बुद्धि प्रकाश घिमिरेको आतिथ्यतामा कायक्रमको शुभारम्भ गरिएको थियो । उक्त तालिमलाई जिल्ला पशु सेवा टिकापुरको भेटेरिनरी अधिकृत श्री श्याम राज पाण्डेय र पशु सेवाका श्री दिपक बोहराले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा टिकापुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्री गंगाराम आचार्यले सहभागीहरुलाई तालीममा सिकेको सिपलाई व्यवहारमा उतारी आर्थिक रुपले सक्षम र सबल हुन सुझाब दिनु भएको थियो । आफनो अनुभव सुनाउँदै बाखापालन गर्दा फरक हावापानीका कारण बाखाहरु मरेको सुन्नमा आएको हुँदा स्थानीय हावापानि सुहाउँदो बाखापालन गर्न सुझाव समेत प्रदान गर्नु भएको थियो । यस निर्धन संस्थाले परम्परागत शैलीमा दुई चारवटा मात्र बाखा पालेर घरको गुजारा चलाइरहेका आफ्ना ग्राहकहरुलाई तालिम दिएर ब्यवसायिक किसानमा रुपान्तरण गर्न खोजेको, एउटा राम्रो कामको शुरुवात गरेको भनी प्रशंसा समेत गर्नु भयो ।

क्षेत्रीय कार्यालय अत्तरीयाका कार्यक्रम अधिकृत श्री बुद्धि प्रकाश घिमिरेले संस्थाको कार्यक्रमको वारेमा जानकारी गराउँदै सहभागीहरुलाई आफुले लिएको कर्जाको सदुपयोग गरि पारिवारीक आयस्तर बृद्धि गरि अगाडि वढ्न र तालिममा सिकेको सिपलाई व्यवहारमा उतार्न सहभागीहरुलाई उत्प्रेरणा प्रदान गर्नु भएको थियो । शाखा प्रमुख श्री राम रतन वरइले शाखाको प्रमुख कार्यकारी अधिकृत सरको सन्देश पढेर सुनाउनुको साथै टिकापुर शाखाको वर्तमान अवस्थाको बारेमा अवगत गराउनु भएको थियो । उक्त कार्यक्रममा शाखाका लेखापाल श्री चन्द्र शेखर वोहराले सहभागीहरुलाई स्वागत गर्नु भएको थियो ।

तालिममा बाखापालन व्यवसाय एक परिचय, नेपालमा बाखापालनको आवश्यकता, महत्व र वर्तमान स्थिती, बाखाका बिभिन्न जातहरू, खोर निर्माण, ब्रिडिङ, स्वास्थ्य, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगीको पहिचान, रोगहरू (परजिवि जिबाणु र मेटावोलिक), आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घाँस व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ बाखाको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परजिवि नियन्त्रणका साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीय जातको बाखापालनको महत्व, कमि कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकहरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री ज्ञानी देवी चौधरीले मन्तब्य राखेकी थिइन् । व्यवसायिक रूपमा बाखापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हामीले नजानेका थुप्रै नयाँ कुराहरुको जानकारी गराएर नयाँ उर्जा थपिदिएको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए ।